जि.प्र.का. सप्तरी द.नं. ११/०४८/०४९ 	स.नि.हु.का.द.नं. ५/०६४/०६५

# राजविराज दैनिक

वर्ष ३१ 	अंक २१९ 	२०७८ साल चैत १८ गते शुक्रबार (1 Apr. 2022 Friday) 	मूल्य रु. ५/-

गर्मी मौसममा,

- झाडापखाला, वान्ता, आउँ, जण्डिस, टाईफाइडजस्ता रोगको जोखिम बढि हुन्छ ।
- लामखुट्टे, झिंगा, भुसुना आदीबाट रोग सर्न सक्दछ ।

त्यसैले, व्यक्तिगत सरसफाई र जनस्वास्थ्यका मापदण्ड पालना गरौं।

नेपाल सरकार
विज्ञापन बोर्ड

**Log in : rajbirajdainik.com.np**

*यस अंक भित्र :* २ पृष्ठमा : घरमा नै सुरक्षित गर्भपतन ... ३ पृष्ठमा : मतपत्रको परीक्षण ... ३ पृष्ठमा : द्वन्द्वले रुस र युक्रेनको ...

# सप्तरीमा थपिए ५८ वटा नयाँ मतदान केन्द्र, कुल मतदाता ४ लाख १२ हजार ४ सय ४५




**दैनिक समाचारदाता**
**राजविराज, १७ चैत ।**

आगामी बैशाख ३० गते हुने स्थानीय तह निर्वाचनका लागि सप्तरी जिल्लामा ५ सय ३६ वटा मतदान केन्द्र तोकिएको छ। गत निर्वाचनमा २ सय ८५ मतदानस्थल रहेकोमा यस पटक २ सय ९७ पुऱ्याइएको हो ।

गत निर्वाचनको तुलनामा मतदाता बृद्धि भएकाले मतदानस्थल र मतदान केन्द्रमा बृद्धि गरिएको जिल्ला निर्वाचन कार्यालय सप्तरीका प्रमुख रमेशकुमार जोशीले जानकारी दिएका छन् । ९ नगरपालिका र ९ गाउँपालिका गरि १८ वटा स्थानिय तह रहेको सप्तरीमा मतदाताको सहजताका लागि गत स्थानिय तहको निर्वाचन भन्दा ५८ वटा नयाँ मतदान केन्द्र थपिएको हो ।

यस्तै अघिल्लो निर्वाचन भन्दा जिल्लामा यस पटक ६६ हजार ३१ मतदाता थपिएका छन् । नयाँ थपिएका मतदातासहित जिल्लामा २ लाख १३ हजार ८ सय ९२ पुरुष, १ लाख ९८ हजार ५ सय ३२ महिला र अन्य २१ गरि मतदाताको कुल संख्या ४ लाख १२ हजार ४ सय ४५ पुगेको छ । प्रत्येक मतदान केन्द्रमा ५ जना कर्मचारी र ३ जना स्वयमसेवक परिचालन गरिने छ ।

एक मतदान केन्द्रमा एक मतदान अधिकृत, एक सहायक मतदान अधिकृत, दुई सहायक कर्मचारी र एक जना कार्यालय सहयोगिसहित करिब दुई हजार ७ सय कर्मचारी खटिने कार्यालय प्रमुख जोशीले जानकारी दिएका छन् ।

यता प्रहरी उपरिक्षक अभिनारायण काफ्लेले जिल्लामा निर्वाचनका लागि आवश्यक सुरक्षा रणनीति पनि तयार पारिसकिएको जानकारी दिएका छन् । उनले निर्वाचन सुरक्षाका लागि २ हजार ४९ नेपाल प्रहरी तथा २ हजार ९ सय ४८ म्यादी प्रहरी परिचालन हुने जानकारी दिए । यस बाहेक सशस्त्र प्रहरी र नेपाली सेना पनि सुरक्षाप्रबन्धमा सघाउने उनको भनाई छ ।

जिल्लाका ५ सय ३६ वटा मतदान केन्द्रलाई सामान्य, संवेदनशिल र अतिसंवेदनशिल गरि तीन तहमा विभाजन गरिएको भन्दै उनले आवश्यकता अनुसारको फरक फरक सुरक्षा व्यवस्था मिलाइने जनाए ।

सप्तरीमा सबै भन्दा बढी राजविराज नगरपालिकामा ३९ हजार ६ सय ९२ मतदाता छन् । सबैभन्दा कम बलानबिहुल गाउँपालिकामा सप्स्१४ हजार ४ सय १८ मतदाता छन् ।

## म्यादी प्रहरीमा जागिर लगाइदिन्छु भन्दै रकम असुली गर्ने पक्राउ

**दैनिक समाचारदाता**
**राजविराज, १७ चैत ।**

म्यादी प्रहरीमा जागिर लगाईदिन्छु भन्दै रकम ठगि गर्ने एक युवकलाई प्रहरीले पक्राउ गरेको छ । पक्राउ पर्नेमा सप्तरीको महादेवा गाउँपालिका २ बस्ने २३ वर्षिय अरबिन्दकुमार मण्डल छन् ।

आगामी स्थानिय तह निर्वाचनका लागि आवश्यक पर्ने म्यादी प्रहरीको आवेदन फारम भरिसकेका एक दर्जन भन्दा बढी व्यक्तिसँग जागिर लगाईदिने भन्दै प्रलोभन देखाई रकम वसुलेको सूचना आएपछि पक्राउ गरिएको जिल्ला प्रहरी कार्यालय सप्तरीका डिएसपी माधव प्रसाद काफ्लेको बताए ।

प्रहरीका अनुसार आफ्नो “माथी” सम्म पहुँच रहेको र रकम दिए जागिर लगाइदिने नाममा ठगि गर्दै हिडेको अनुसन्धानको क्रममा खुलेको छ।

***बाँकी अन्तिम पृष्ठमा***

## जसपाको समानान्तर कमिटि तमलोपामा समाहित




**दैनिक समाचारदाता**
**राजविराज, १७ चैत ।**

जनता समाजवादी पार्टी ( जसपा) को समानान्तर जिल्ला कमिटि बिहीबार तराई मधेश लोकतान्त्रिक पार्टी (तमलोपा) मा समावेश भएको छ ।

पन्द्र दिन अघि सप्तरीमा गठन भएको उक्त समानान्तर कमिटिका अध्यक्ष जिवछ यादवको नेतृत्वमा ६ पदाधिकारीसहित ५१ सदस्यीय कमिटि तमलोपामा समावेश गरेको हो ।

तत्कालिन राजपाको अध्यक्ष

***बाँकी अन्तिम पृष्ठमा***

## कुनै पनि खास पार्टीसँग गठबन्धन नगर्ने लोसपाको निर्णय

**दैनिक समाचारदाता**
**काठमाडौं, १७ चैत ।**

लोकतान्त्रिक समाजवादी पार्टी (लोसपा) को केन्द्रीय कार्यकारिणी समितिको बिहीवार बसेको बैठकले आगामी बैशाख ३० गते हुने स्थानीय तहको निर्वाचनमा पार्टीले कुनै पनि खास पार्टीसँग गठबन्धन नगर्ने निर्णय गरेको छ ।

स्थानीय आवश्यकता र औचित्यको आधारमा गठबन्धन गर्नका लागि भने पार्टीको स्थानिय पार्टी समितिलाई अधिकार दिइएको लोकतान्त्रिक समाजवादी पार्टीका नेता लक्ष्मणलाल कर्णले जानकारी दिए ।

गाउँपालिका र नगरपालिकाले आवश्यकता र औचित्य हेरी गठबन्धन गर्न सक्ने र त्यसको अनुगमन गर्ने जिम्मेवारी भने प्रदेश र जिल्ला समितिलाई दिइएको उनले बताए ।

कुनै खास दलसँग गठबन्धन नगर्ने तर, जिल्लाले, प्रदेशले र स्थानीय गाउँपालिका, नगरपालिकाले आवश्यकता र औचित्य हेरी उसले नै गठबन्धन गर्न पाउने उसैलाई निर्णय गरेको उनले उल्लेख गरे ।

जनज्योती कृषि सहकारी संस्था लि. स्था.-२०६८ मलेठ, सप्तरी

## जनज्योती कृषि सहकारीमा सदस्यता किन ...?

नीति, कार्यविधि र सुशासनमा चलेको संस्था
रणनीतिक योजना एवं लक्ष्य र उद्देश्यका आधारमा संचालित संस्था ।
आर्थिक समृद्धिका विभिन्न अवसरहरु भएको संस्था ।
विभिन्न घटना एवं दुर्घटनामा सुरक्षाको प्रत्याभुती गर्ने संस्था ।
प्रभावकारी व्यवस्थापन र सुशासनका लागि राष्ट्रिय सहकारी बैंकको राष्ट्रिय स्तरको care कार्यक्रममा आवद्ध संस्था ।
नेतृत्व विकासका लागि प्रसस्त अवसरहरु भएको संस्था ।
उद्यमशिलता विकासका लागि विभिन्न कार्यक्रमहरु भएको संस्था ।
सामाजिक उत्तरदायित्व वहन गर्ने संस्था ।
सहकारी अभियानमा राष्ट्रिय तहको नेतृत्व गर्न सफल संस्था ।
सदस्य मैत्री बचत र ऋण सेवा सहितको संस्था ।
व्यवसायिक कार्यक्रम संचालन गरेको संस्था ।
कृषि पेशालाई प्रात्साहन गर्ने संस्था ।
सदस्यहरुको कृषि उत्पादनको उचित मुल्यमा आकर्षक बजारीकरण गर्ने संस्था ।
त्यसैले आजै संस्थामा जुटौं, **“बचत गरौं समृद्ध वनौं”**

**जनज्योति कृषि सहकारी संस्था लि.**
**राजविराज ९ मलेठ, सप्तरी**
**सम्पर्क नं. ०३१-५९०६०१, ०३१५९०६०२, www.janajyoticoop.com.np**

## सम्पादकीय

# जुनसुकै उद्देश्यले विकास हुनु सकारात्मक हो

अहिले मुलुक निर्वाचनमय बनेको छ। आगामी बैशाख ३० गते स्थानिय तह निर्वाचनको मिति तय भएपछि मुलुकमा राजनीतिक चहलपहल तिब्र रुपमा बढेको छ। यता राजनीतिक माहौल तातिएसँगै विभिन्न विकासीय कार्यहरुले समेत तिब्रता पाएको छ। सप्तरीमा भने दशकौंदेखी नभएका विकासीय कामहरु धमाधम शिलान्यास तथा उद्घाटन भइरहेको छ। यसमा सबैभन्दा अग्रपंक्तिमा रहेको छ सडकहरु। नगरपालिका स्थापना भएकालदेखी नै नबनेका सडकहरु अहिले धमाधम निर्माण हुनुका साथै कालोपत्रे समेत भइरहेको छ। यता पहिलो स्थानिय तह निर्वाचन सम्पन्न भएको चार वर्ष बितिसक्दा पनि कसैको ध्यान नपुगेका सडकहरुमा अहिले रातारात निर्माण कार्य भइरहेका छन्।

यस्तै प्रदेश तथा संघीय सरकारको बजेटबाट पनि सडकहरु निर्माण हुने कार्यले तिब्रता पाएको छ। विगतका वर्षहरुमा ती कार्यले प्राथमिकता नपाएपनि अहिले चुनावको मुखमा प्राथमिकता पाइरहेकोमा जिल्लावासी पनि खुशी नै देखिन्छन्। कसैले बिरोध तथा कुनै वाधा गरेको देखिदैन्। हुन पनि हो विकासी कार्यमा कसैले वाधा उत्पन्न गर्नुहुँदैन्। यो कार्य भनेको व्यक्ति होइन् सबैको लागि हो। तर, चुनाव नजिकिदै जाँदा विकासीय कार्यले फड्को मार्नु भनेको पक्कै पनि निर्वाचन लक्षित कार्य नै मान्नुपर्छ। तर, यो कार्य निर्वाचनको मिति तय हुनु अगावै अथवा पहिला नै भएको भए अझै सकारात्मक हुनेथियो। जे भएपनि जुनसुकै बहानामा विकासीय कार्यले प्राथमिकता पाउनु भनेको सकारात्मक कार्य मान्नु पर्दछ।

कुनै पनि स्थानको जबसम्म विकास हुँदैन् तबसम्म त्यस ठाउँको औचित्य रहदैन्। विकास चाहे त्यो स्थानिय, प्रदेश वा संघीय बजेटबाटै किननहोस् जुनसुकै उद्देश्यले विकास भइरहेको छ भने त्यसलाई सकारात्मक रुपमा लिनुपर्छ। तसर्थ विकास भनेको सबैलाई चाहिन्छ। यसका लागि सबैले सकारात्मक सोचका साथ लिनुपर्दछ र कसैले कुनै वाधा अवरोध उत्पन्न गर्नुहुँदैन्।

पुरानो रोगको उपचारका लागि सम्पर्क गरौं।
होमियोप्याथिक रिसर्च इन्स्टिच्युट
डा. सुशील मोहन दास
(बी.एच.एम.एस)
सिरहा रोड, राजविराज फोन : ०३१-५२१९६८

डा. सरोज कुमार साह
Dr. Saroj Kumar Sah
MBBS, MS Orthopaedics (BPKIHS) Dharan
Fellowship in Hand Surgery (CMC Vellore)
NMC Reg. No. : 13288
हाड जोर्नी, नशा तथा बाथ रोग विशेषज्ञ
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

डा. ललन प्रसाद रौनियार
Dr. Lalan Prasad Rauniyar
MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338
कन्सलटेन्ट बाल रोग विशेषज्ञ
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

डा. जयन्ती यादव
Dr. Jayanti Yadav
M.B.B.S. MD (Obstetrician and Gynaecologist)
हाल कार्यरत गजेन्द्र नारायण सिंह अस्पताल राजविराज
NMC No. : 15312
बरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ
बाझपन, कमजोरी, लिकोरिया, महिनाबारी समस्याको सफल उपचार
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

# घरमा नै सुरक्षित गर्भपतन सेवा : सेवाग्राहीलाई जानकारी छैन

**विष्णु नेपाल**
काठमाडौँ, १७ चैत (रासस)।

आवश्यक सूचना तथा जानकारीको अभावमा सुरक्षित गर्भपतन तथा परिवार व्यवस्थापन घरदैलो सेवा प्रभावकारी हुन सकेको छैन। सरकारले विविध कारणले स्वास्थ्य संस्थामा पुग्न नसक्ने एवं पहुँच नै नपुग्ने विपन्न, अपाङ्गता भएका र सीमान्तकृत समुदायलाई घरमा नै सुरक्षित गर्भपतन सेवा तथा आवश्यक परिवार व्यवस्थापन (नियोजन)का सेवा प्रदान गर्न सुरुआत गरेको थियो।

विशेष गरी कोरोना महामारीमा प्रजनन, मातृ, नवजात शिशु तथा बाल स्वास्थ्य सेवालाई निरन्तरता दिन विसं २०७७ वैशाखदेखि घरदैलो सेवा थालनी गरिएको थियो। यसबाट परिवार नियोजनका साधनमा पहुँच अभिवृद्धि हुने र सुरक्षित गर्भपतन सेवासमेत निरन्तरता जारी रहने अपेक्षा लिइएको थियो।

स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयले यो सेवालाई सुरक्षित गर्भपतन सेवा कार्यक्रम व्यवस्थापन निर्देशिका २०७८ मा समेत समावेश गरेको छ। मन्त्रालयले 'कोभिड-१९ महामारी : प्रजनन, मातृ, नवजात शिशु तथा बाल स्वास्थ्य सेवाको अन्तरिम निर्देशिका २०७७' जारी गर्दै ती क्षेत्रमा टेलिफोन परामर्श तथा घरदैलो सेवा सञ्चालन गरेको थियो। अहिले पनि ती सेवा जारी नै रहेको स्वास्थ्य सेवा विभाग, परिवार कल्याण महाशाखाले जनाएको छ।

अहिलेसम्म कतिले घरदैलो सेवा पाए भन्ने आधिकारिक तथ्याङ्क छैन। महाशाखाअन्तर्गतको परिवार योजना तथा प्रजनन स्वास्थ्य शाखा प्रमुख कविता अर्याल भन्नुहुन्छ, "महामारीको पहिलो र दोस्रो चरणमा परिवार योजना तथा प्रजनन स्वास्थ्य सेवामा केही असर पुगेको भए पनि अहिले पूर्ववत् सेवा सञ्चालन भइराखेका छन्, उपलब्ध सेवाका बारेमा सेवाग्राहीलाई जानकारी नहुँदा कार्यक्रम कार्यान्वयनमा चुनौती छ।" उहाँका अनुसार महामारीमा परिवार नियोजनको सेवाको प्रयोगदर ३९ बाट ३७ प्रतिशतमा झरेको थियो।

विश्व स्वास्थ्य सङ्गठनका अनुसार परिवार नियोजन सेवा उपभोग गरी कम्तीमा दुई वर्षको गर्भान्तर गरेको खण्डमा दश प्रतिशत शिशु र ३० प्रतिशत मातृ मृत्युदर घट्ने छ। मातृ तथा बाल मृत्युदरमा कमी ल्याउन परिवार नियोजनको सेवामा पहुँच विस्तार अनिवार्य मानिन्छ। नेपाल स्वास्थ्य क्षेत्र रणनीति (२०१६-२०२१) ले मातृ मृत्युदर प्रतिएक लाख जीवित जन्ममा १२५ मा झार्ने अति महत्वकांक्षी लक्ष्य राखेको थियो।

यसैगरी दिगो विकास लक्ष्यले सन् २०३० सम्म नेपालमा नवजात शिशु र पाँच वर्षमुनिका बालबालिकाको मृत्युदर प्रतिएक हजार जीवित जन्ममा क्रमशः १२ र २० मा झार्ने लक्ष्य राखेको छ। यी लक्ष्य हासिल गर्नै लगभग असम्भव देखिएको छ।

### तालिम प्राप्त स्वास्थ्यकर्मीद्वारा सुरक्षित गर्भपतन सेवा

निर्देशिकाले पहिलोपटक तालिम प्राप्त स्वास्थ्यकर्मीलाई सुरक्षित गर्भपतन सेवा प्रदान गर्न स्वीकृति प्रदान गरेको थियो। विसं २०७३ देखि सूचीकृत सरकारी स्वास्थ्य सस्थामा मात्र औषधि र क्लिनिकल माध्यमबाट सुरक्षित गर्भपतन सेवा निःशुल्क प्रदान गरिंदै आइएको छ। सुरक्षित मातृत्व तथा प्रजनन स्वास्थ्य अधिकार ऐन २०७५, नियमावली २०७७ का प्रावधानअनुरुप स्वास्थ्यकर्मीलाई सो अधिकार प्रदान गरिएको हो। सुरक्षित गर्भपतन सेवा कार्यक्रम व्यवस्थापन निर्देशिका २०७८ ले तीनै तहका सरकारलाई ती ऐन, नियमावली तथा निर्देशिका कार्यान्वयमा थप सहजीकरण गरिदिएको छ।

हालसम्म सुरक्षित गर्भपतन सेवाका लागि ५३० स्वास्थ्य संस्था सूचीकृत भएका छन् भने तीन हजारभन्दा बढी स्वास्थ्यकर्मीले तालिम प्राप्त गरी सो सेवा प्रदान गरिराखेका जनाइएको छ। 'मिफेप्रिस्टोन' र 'मिसोप्रोस्टोल' नामक औषधिको प्रयोगद्वारा गरिने सुरक्षित गर्भपतन सेवा (एमए) नेपालमा बढी प्रयोगमा छ। यो दश हप्ताभित्रको गर्भका लागि सुरक्षित मानिन्छ। तालिम तथा अनुमति प्राप्त नर्सले सुरक्षित गर्भपतनका लागि घरमा पुगेर सो सेवा दिनसमेत सुरुआत गरेका छन्। ग्रामीण क्षेत्रमा यो सेवा अतिप्रभावकारी रहेको स्वास्थ्य मन्त्रालयले जनाएको छ।

यसैगरी १२ हप्तासम्मको गर्भपतनलाई 'म्यानुअल भ्याकुम एस्पिरेशन (एमभिए)' विधिमार्फत तालिम प्राप्त स्वास्थ्यकर्मीद्वारा औजारका माध्यमबाट गरिन्छ। १३ देखि १८ हप्तासम्म गर्भलाई 'कम्प्रिहेन्सिब इमरजेन्सी अब्सटेटिक नियोनेटल कियर' सुविधा भएको सूचीकृत स्वास्थ्य सस्थामा तालिम प्राप्त स्वास्थ्यकर्मीद्वारा डाइलेटेशन एण्ड इभ्याकुएशन (डिएण्ड) गरिन्छ।

मेरी स्टोपका वरिष्ठ कार्यक्रम व्यवस्थापक डा केपी उपाध्ययाय औषधि विधि (एमए) बाट गरिने गर्भपतन सेवा प्रभावकारी रहेको जानकारी दिनुभयो। उहाँ भन्नुहुन्छ, "महामारीका समयमा पनि गर्भपतन सेवा लिन चाहनेका लागि हामीले घरदैलो सेवा प्रदान गरौँ, विशेष गरी मेरी स्टोपले एमए विधिबाट ४०० भन्दा बढीलाई सुरक्षित गर्भपतन सेवा उपलब्ध गराएको छ, आगामी दिनमा यसलाई सरकारले निरन्तरता दिनु आवश्यक छ।"

महाशाखाका अनुसार गत आर्थिक वर्षमा सुरक्षित गर्भपतनको सेवा लिनेको सङ्ख्या ९५ हजार ४९२ रहेकामध्ये २० वर्षमुनिको सङ्ख्या आठ हजार २२३ रहको थियो। तीमध्ये सबैभन्दा बढी औषधि विधि बढी भएको जनाइएको छ। विसं २०७६ चैत ११ गतेदेखि विसं २०७७ साउन ६ सम्ममा लकडाउनमा मात्र १३४ सुत्केरी तथा गर्भवतीले अकालमा ज्यान गुमाएका थिए।

जिल्ला जनस्वास्थ्य कार्यालय ललितपुरका वरिष्ठ जनस्वास्थ्य अधिकृत रामकृष्ण फुँयाल भन्नुहुन्छ, "महामारीका सुरुआती चरणमा परिवार नियोजनका साधनको मागलाई पूर्ति गर्न समस्या देखियो, कोरोना नियन्त्रणलाई प्राथमिकता दिइएका कारण सुरक्षित गर्भपतन सेवा प्रदान गर्न केही अप्ठ्यारो भएको हो, पछिल्ला दिनमा सेवा सुरु भएको छ, सेवाका बारेमा अझै जानकारी छैन, सेवा लिनसमेत अझै हिचकिचाउने प्रवृत्ति छ, सुरक्षित गर्भपतन सेवा परिवार नियोजनको साधन होइन भन्ने कुरालाई समुदायमा बुझाउन जरुरी छ।"

जन्मदर घट्नु र असुरक्षित गर्भपतन बढ्नु चिन्ताको विषय मानिन्छ। वातावरण स्वास्थ्य र जनसङ्ख्या कार्यक्रम अनुसन्धान

*बाँकी तीन पृष्ठमा*

## आइगलग्गी सँ बचबाक लेल स्थानीय विपद जोखिम न्यूनिकरण समितिके सर्वसाधारणमें अनुरोध

असावधानी के कारण हरेक बर्ष सप्तरी जिला मे आइगलग्गी सँ जान आ माल के क्षति भ रहल छैक। आइगलग्गी सँ असामयीक मृत्यु सेहो भ सकैत अछि, तैं आइगलग्गी के रोकथाम के लेल निम्न उपाय सब अपनाउ आ आइगलग्गी सँ बचु आ बचाऊ।

- गाम घर मे घुर के कारण बेसी आइगलग्गी होयत छैक, तैं अनावश्यक घुर नै करु, घुर के आइग के नीक जकाँ मिझा क/बुता क सुतु आ घुर सँ आइग नहि लागय तै प्रति सब गोटे सजग आ सतर्क रहु।
- चुल्हाक आइग नीक सँ मिझाउ/बुताउ, चुल्हा पर खाना बनबैत काल पाईन चुल्हा के लग मे जरुर राखल करु।
- बौवा बुच्चीके आइग सँ दूर राखु।
- हवा बसात के समय मे आइग नै पजारु। सकभर भोरे खाना बनाउ आ हवा बसात कम भेलाक बादे खाना बनाउ।
- बिडी, सिगरेट पी क जथाभावी नै फेकु।
- चुल्हाके आइग बारी मे रहल छाउरक ढेरी पर मिझा क/बुता क मात्रै फेकल करु।
- बच्चा, वृद्ध, अपाङ्ग, गर्भवति आ सुत्केरी महिला सभ आइगक चपेट मे जल्दी पइर सकैत अछि तैं हिनका सबके आइगलग्गी सँ बचयबाक लेल सब गोटे सतर्क रही।
- जौं कतौ आइगलग्गी भ जाय त खाली हाथ नै जाक कमसेकम बाल्टिन या घैला मे पाइन ल क दौरु आ अविलम्ब आइग मिझाब/बुताब मे एक दोसर के सहयोग करु।
- जौं कतौ आइगलग्गी भ जाय त बारुणयन्त्र के तुरन्त खबर करु।
- भोर के ९ बजे तक खाना पकाक चुल्हा के आइगकै नीक जकाँ मिझाउ/बुताउ।
- खाना पकाब काल खर पातके प्रयोग केला पर आइगलग्गी भ सकैय तै के लेल पूरे सावधानी अपनाउ आ चुल्हाके नजदिक मे एक गोटे अनिवार्य रहल करी।
- दुपहरके समयमे हावा बेसी चलैके कारण भोर ९ बजे के बाद चुल्हा नै पजारु।
- घरके नजदिक मे थ्रेसर सञ्चालन नै क के घरसँ दूर या खेतमे सञ्चालन करु।
- सलाई, लाइटर, मट्टितेल लगायतके अन्य पेट्रोलियम पदार्थ बालबच्चा के पहुँच सँ दूर राखल जाउ।
- घरमे एक बाल्टीन पाइन २४से घण्टा राखल करी
- गोहालीमे घुर पजारैतकाल सावधानी अपनाउ।
- घरके कोनो सहज ठाममे २/४ बोरा बालु राखु जैस कहिँ कतौ आइगलग्गी भेला पर मिझाब मे/बुताब मे सहयोग हेतै।
- घर आ गोहालीमे लगायल टाट के नीक जकाँ माइट सँ दुनु दिस लेवा लगाउ।
- आइग सँ हुअ बाला जोखिम आ धनजनके क्षति के बारेमे परिवारके सदस्य सबके जानकारी कराक सजग आ सतर्कता अपनाउ।
- गाम घरमे बारुणयन्त्र आब बाला रस्ता बाट खुल्ला राखु आ बारुणयन्त्रके पोखइर सँ पाइन भर मे आ आइगलग्गी नियन्त्रण करबा मे सहयोग करी
- गामके पोखइरमे पाइन सञ्चित क के राखु।
- कहीँ कतौ आइगलग्गी भेला पर नजदिकके प्रहरी चौकी या जिल्ला प्रहरी कार्यालयके कन्ट्रोलके नम्बर ९८५२८९०२७० या १०० नम्बरमे जानकारी कराउ।
- ककरो जान या सम्पत्तिमे आइग लगेनाई अपराध छियै तैं एहेन काममे सहभागी नै होउ।

**अनुरोधकर्ता**
**विष्णुपुर गाउँपालिका, सप्तरी**

# मतपत्रको परीक्षण छपाइ सुरु

काठमाडौँ, १७ चैत (रासस)।

आगामी वैशाख ३० गते शुक्रबार हुने स्थानीय तह निर्वाचनका लागि मतपत्रको परीक्षण छपाइ सुरु भएको छ।

मतपत्र छपाइ हुँदा मापदण्डअनुरुपको निर्वाचन चिह्न छपाइ भयो भएन भनी यकीन गर्न तीन दिनसम्म परीक्षण छपाइ हुने प्रवक्ता शालिग्राम शर्मा पौडेलले जानकारी दिनुभयो।

यसैबीच प्रमुख निर्वाचन आयुक्त दिनेशकुमार थपलियासहितको आयोग पदाधिकारी टोली सानोठिमीस्थित जनक शिक्षा सामग्री केन्द्र लिमिटेड जानु भई मतपत्र मुद्रण मेसिनको क्षमता र मतपत्र छपाइ परीक्षणबारे जानकारी लिनुभयो। मतपत्र छपाइभन्दा अघि मेसिनको परीक्षण गरिएको छ।

आगामी स्थानीय तह निर्वाचनका लागि करिब दुई करोडको सङ्ख्यामा मतपत्र छपाइको तयारी छ। विगतमा मतदाता सङ्ख्याको १५ प्रतिशतसम्म बढी मतपत्र छपाइ हुने गरेकामा यस पटक आयोगले १० प्रतिशतमात्र बढी मतपत्र छपाउन लागेको छ। कतिपय जिल्लामा हेलिकप्टरबाट ढुवानी गर्नुपर्ने भएकाले पहिले दुर्गम क्षेत्रका लागि मतपत्र छपाइ हुनेछ।

काठमाडौँ उपत्यकाका महानगर र नगरपालिकाका लागि भने उम्मेदवारी मनोनयनपछि मात्र मतपत्र छपाइ गरिने आयोग स्रोतले जानकारी दिएको छ। नेपाली सेनाको सुरक्षा व्यवस्थापनमा मतपत्र छपाइ कार्य हुनेछ।

### *घरमा नै सुरक्षित ...*

केन्द्र (कृपा)का सहनिर्देशक डा महेश पुरी भन्नुहुन्छ, "महामारीका समयमा परिवार नियोजनका साधनमा पहुँच र उपलब्धता नहुँदा, समयमा सुरक्षित गर्भपतन सेवा नपाउँदा अनिच्छिुक गर्भ धारणा बढेको र सुरक्षित गर्भपतन भने घट्न गएको हो, यसले गर्दा यौन तथा प्रजनन स्वास्थ्य सेवाका सूचकलाई असर पार्छ।" कृपाको एक अध्ययनअनुसार नेपालमा वार्षिकरुपमा तीनलाख २३ हजार गर्भपतन हुन्छ। तीमध्ये ४२ प्रतिशत सूचीकृत र ५८ प्रतिशत असूचीकृत संस्थामार्फत हुन्छ। अर्कोतर्फ परिवार नियोजन सेवाको विस्तार अपेक्षाअनुसार हुन सकेको छैन। हाल आधुनिक परिवार नियोजन सेवाको प्रयोग दर ४२.८ प्रतिशत छ। अझै पनि प्रजनन उमेरका २३.७ प्रतिशत महिलाले परिवार नियोजन सेवा प्रयोग गर्न चाहेर पनि सेवा प्राप्त गर्न सकेका छैनन्।

गर्भनिरोधकका अस्थायी आधुनिक पाँच प्रकारका साधन ( ढाल, पिल्स, डिपो, इन्प्लान्ट र आइयुसीडी) को प्रयोगदर बढ्न नसक्नु (स्थिर रहनु), परम्परागत विधिका प्रयोगकर्ता उल्लेख्यरूपमा बढ्नु, असन्तुलित दरमा प्रजननदर घट्नु र परिवार नियोजनका साधन चाहेर पनि पाउन नसक्ने दर ( अनमेट निड) घट्नुले समस्या देखिएको छ। नेपाल परिवार नियोजन सङ्घका उपत्यका शाखा कार्यालयका वरिष्ठ कार्यक्रम व्यवस्थापक शरद अर्याल सुरक्षित गर्भपतन सेवा कार्यक्रम व्यवस्थापन निर्देशिका २०७८ कार्यान्वयनमा जोड दिनुहुन्छ।

उहाँले भन्नुहुन्छ, "महामारी तथा विपद्का अवस्थामा पनि यौन तथा प्रजनन स्वास्थ्यलाई प्रभावित हुन नदिन सङ्घले आफ्नो सेवालाई निरन्तरता दिँदै आएको छ। लकडाउनको पहिलो हप्तामा नै आवश्यक स्वास्थ्य सावधानि अपनाउँदै क्लिनिक सञ्चालन ल्यायौँ, समुदायमा रहेका हाम्रा प्रतिनिधिमार्फत घर दैलोमा नै परिवार नियोजनका साधन वितरण तथा तालिम प्राप्त स्वास्थ्यकर्मीमार्फत सुरक्षित गर्भपतन सेवा प्रदान गऱ्यौँ, यो क्रम अहिले पनि जारी छ।"


गर्भ निरोधकमा आधुनिक साधन, मातृत्व र नवजात शिशु स्याहारमा लगानी बढाउन आवश्यक रहेको छ। नेपालमा करिब ६४ प्रतिशत महिलाले मात्र विश्व स्वास्थ्य सङ्गठनले सिफारिस गरेअनुसारका कम्तीमा चारपटक गर्भ परीक्षण, ६१ प्रतिशतले तालीम प्राप्त स्वास्थ्यकर्मीको सहायताले सुत्केरी हुने गर्दछन्। अर्को एक अध्ययनका अनुसार नेपालका ५० प्रतिशतभन्दा कम स्वास्थ्य संस्थाले मात्र परिवार नियोजनका ती सेवा दिन सक्दछन्। जनसाङ्ख्यिक तथा स्वास्थ्य सर्वेक्षण सन् २०१६ का अनुसार नेपालमा १५ देखि ४९ वर्षका विवाहित महिलाले परिवार नियोजनका साधन प्रयोग गर्दछन्। साधन प्रयोग गर्ने ५३ प्रतिशत महिलामध्ये ४३ प्रतिशतले आधुनिक साधन तथा सेवाको प्रयोग गर्छन् भने १० प्रतिशतले परम्परागत विधि अपनाउने गर्छन्। नेपालमा सबैभन्दा बढी महिलाले बन्ध्याकरण गर्ने गर्दछन्। यस्ता महिलाको सङ्ख्याको १५ र पुरुषको सङ्ख्या छ प्रतिशतभन्दा माथि उक्लिन सकेको छैन।

परिवार नियोजनका आधुनिक साधन प्रयोग गर्नेमा शिक्षितभन्दा अशिक्षित महिला बढी रहेका उजागर सर्वेक्षणले गरेको थियो। कुनै शिक्षा हासिल नगरेका ५२ प्रतिशत महिलाले आधुनिक साधन र सेवा प्रयोग गर्ने तथा माध्यमिक शिक्षा वा सोभन्दा बढी हासिल गरेका ३४ प्रतिशत महिला मात्रै आधुनिक परिवार नियोजनका साधन प्रयोग गर्ने गरेका छन्। विवाहित महिलामा परिवार नियोजनका साधन तथा सेवाको प्रयोगदरमा उल्लेखनीय सुधार आएको देखिँदैन। सन् १९९६ मा प्रयोगदर २९ प्रतिशत रहेकामा हाल ५३ प्रतिशत मात्र पुगेको छ। सहनिर्देशक डा पुरी भन्नुहुन्छ, "आधुनिक परिवार नियोजनको साधनको प्रयोगदर बढाउनु र सुरक्षित गर्भपतनको पहुँच पुऱ्याउनु जरुरी छ।"

## हावाहुरीको मौसममा आगलागीबाट जोगिन सर्वसाधारणलाई स्थानीय विपद जोखिम न्यूनिकरण समितिको अपिल

- विहान ९ बजेसम्म खाना पकाई चुल्होमा रहेको आगो राम्ररी निभाऔं।
- खाना पकाउँदा खर पत्करको प्रयोग भएमा आगलागी हुन सक्छ की भनेर पूरै सावधानी अपनाउने गरौं र चुल्हो नजिक एक जना अनिवार्य बस्ने बानी बसालौं।
- दिउँसोको समयमा हावाहुरी चल्ने हुँदा विहान ९ बजेपछि चुल्हो बाल्नुपर्ने कुनै काम नगरौं।
- घर नजिक थ्रेसर सञ्चालन नगरी घरदेखि टाढा चौर वा खेतमा सञ्चालन गर्ने गरौं।
- सलाई, लाइटर, मट्टितेल लगायतका अन्य पेट्रोलियम पदार्थ बालबालिकाको पहुँचभन्दा टाढा राख्ने बानी बसालौं।
- घरमा एक बाल्टीन वा अन्य भाडोमा पानी २४सै घण्टा राख्ने बानी बसालौं।
- गुहालीमा घुर बाल्दा सावधानी अपनाउने गरौं।
- घरको कुनै सजिलो ठाउँमा २/४ बोरा बालुवा राख्ने गरौं जसले गर्दा कहिँ आगलागी भयो भने निभाउन सहयोग हुन्छ।
- घर तथा गुहालीमा लगाइएको टाटी राम्रोसँग माटोले दुवैतर्फ लिपपोत गर्ने गरौं।
- आगोबाट हुने जोखिम तथा धनजनको क्षति बारेमा परिवारका सदस्यहरुलाई जानकारी गराई सजग र सतर्कता अपनाउने बानी बसालौं।
- गाउँमा बारुणयन्त्र आउने जाने बाटो खुल्ला राखौं र बारुणयन्त्रलाई पोखरीबाट पानी भर्न र आगलागी नियन्त्रण गर्ने कार्यमा सहयोग गरौं।
- गाउँका पोखरीहरुमा पानी सञ्चित राख्ने बानी बसालौं।
- गाउँमा कसैले आगो जथाभावी राखेको छ भने गाउँ घरमा त्यसरी आगो खुल्ला राख्नु हुँदैन भनेर सचेत गराउने गरौं।
- कहीँ कतै आगलागी भएमा नजिकको प्रहरी चौकी वा जिल्ला प्रहरी कार्यालयको कन्ट्रोलको नम्बर ९८५२८९०२७० वा १०० नम्बरमा जानकारी गराऔं।
- कसैको ज्यान वा सम्पत्तिमाथि आगजनी गर्ने अपराध भएकोले यस्तो कार्यमा सहभागी नहोऔं।
- आगजनी घटनालाई न्यूनिकरणको लागि प्रहरीसँग सहकार्य गरौं र जनधनको क्षति हुनबाट बचौं र बचाऔं।
- आगलागी प्रकोप उद्धारको सामग्रीहरु जस्तै बाल्टिन, जग, बेल्चा, गैंती, डोरी, स्ट्रेचर, प्राथमिक उपचारको सामग्रीहरु, आगलागी उद्धारको लागि लगाउने कपडा भएसम्म व्यवस्था गरी राखौं।

**अनुरोधकर्ता**
**राजगढ गाउँपालिका, सप्तरी**


**डा. आदर्श कुमार सिंह**
**Dr. Adarsh Kumar Singh**

MBBS, MD TU
NMC Reg. No. : 9413
**कन्सलटेन्ट फिजिसियन**
मधुमेह (चिनी रोग), मुटु, दम एवम् श्वास प्रश्वास, पेट तथा कलेजो रोग मृगौला, छाती, थाइराइड सम्बन्धि रोग

**डा. ललन प्रसाद रौनियार**
**Dr. Lalan Prasad Rauniyar**

MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338
**कन्सलटेन्ट बाल रोग विशेषज्ञ**
वरिष्ठ नवजात शिशु तथा बालरोग

**सम्पर्क : जयश्री कृष्ण फार्मेशी**
गजेन्द्र नारायण सिंह अस्पताल (दक्षिण गेट), हनुमाननगर रोड, राजविराज, सप्तरी
**Phone :** 031-533774 / **Mo. No :** 9819721526, 9852820734


## विश्व समाचार

### द्वन्द्वले रुस र युक्रेनको अर्थतन्त्र प्रभावित हुने

लन्डन, १७ चैत (रासस-एएफपी)।

रुसको अर्थतन्त्र यस वर्ष १० प्रतिशत र युक्रेनको कुल गार्हस्थ्य उत्पादन २० प्रतिशतले सङ्कुचित हुने प्रक्षेपण गरिएको छ। पुनर्निर्माण र विकासका लागि युरोपेली बैंकका अनुसार दुई देशबीचको युद्धले ५० वर्षको लागि "सबैभन्दा ठूलो आपूर्ति झटका" निम्त्याउनेछ।

फेब्रुअरी २४ मा रुसले आफ्नो पश्चिमा समर्थक छिमेकीमाथि आक्रमण गर्नुअघि लन्डनस्थित युरोपेली बैंक फर रिकन्स्ट्रक्सन एण्ड डेभलपमेन्टले यो वर्ष युक्रेनी जीडीपी ३.५ प्रतिशतले वृद्धि हुने र रुसी अर्थतन्त्र तीन प्रतिशतले विस्तार हुने भविष्यवाणी गरेको थियो।

### दुर्घटनाग्रस्त चिनियाँ विमानका ४०,००० भन्दा बढी टुक्रा फेला परे

नानिङ, १७ चैत (रासस-सिन्ह्वा)।

दक्षिण चीनको गुआङ्सी जुआङ स्वायत्त क्षेत्रमा दुर्घटनाग्रस्त भएको चाइना इस्टर्न एयरलाइन्सको विमानको ४०,००० भन्दाबढी टुक्रा बुधबारसम्म फेला पारिएको एक अधिकारीले बिहीबार पत्रकार सम्मेलनमा जानकारी दिएका छन्।

चीनको नागरिक उड्डयन प्रशासनको उड्डयन सुरक्षा कार्यालयका प्रमुख झु ताओले भग्नावशेषका अधिकांश टुक्रा क्रमबद्ध र थप परीक्षणका लागि भण्डारण स्थलमा सारिएको बताए।

करिब एक करोड वर्ग मिटर वरिपरि खोजिकार्य जारी राखिएको थियो। खोज तथा उद्धारमा २१६ दमकल र १६ वटा ड्रोनलगायतका उपकरण प्रयोग गरिएको थियो। कुनमिङबाट ग्वाङ्झाउका लागि उडेको बोइङ ७३७ विमान दिउँसो २:३८ बजे गुआङ्सीको टेङ्सिआन काउन्टीको पहाडी क्षेत्रमा दुर्घटनाग्रस्त भएको थियो।

मार्च २१ मा १२३ यात्रु र नौ चालक दलका सदस्यसहित जहाजमा रहेका सबै १३२ जनाको मृत्यु भएको थियो।

### मस्कोलाई थप एक्लो पार्न सक्ने थप कदमबारे छलफल

अमेरिका (वासिङ्टन), १७ चैत (रासस-एएनआई/स्पुतनिक)।

रुसमाथिको पहिलो उच्चस्तरीय वार्तामा अमेरिका र युरोपेली संघका प्रतिनिधिले मस्कोलाई थप एक्लो पार्न सक्ने थप कदमबारे छलफल गरेका छन्।

अमेरिकी विदेश मन्त्रालय र युरोपेली बाह्यकार्य सेवाले संयुक्तरूपमा जनाएअनुसार युरोपियन युनियन र संयुक्त राज्य अमेरिका बिहीबार वाशिंगटन डीसीमा आयोजित पहिलो अमेरिका-इयु उच्च स्तरीय वार्तामा अर्थतन्त्र र अन्तरराष्ट्रिय वित्तीय प्रणालीबाट रुसलाई अलग गर्न थप कदम बारे पनि छलफल गरेका छन्।

अमेरिकी प्रतिनिधिमण्डलको नेतृत्व राजनीतिक मामिलाका उपसचिव भिक्टोरिया नुल्यान्ड र इयुको नेतृत्व राजनीतिक मामिलाका लागि युरोपेली बाह्यकार्य सेवाका उपमहासचिव एनरिक मोराले गर्नुभएको विज्ञप्तिमा उल्लेख गरिएको छ।

दुवै पक्षले सन् २०२२ को अन्त्यतिर रूसमा अर्को उच्चस्तरीय वार्ता गर्न सहमत भएका छन्।

### विमानको आकस्मिक अवतरणपछि कोलम्बियामा २१ हजार यात्रु प्रभावित, १३६ उडान रद्द

कोलम्बिया (बोगोटा), १७ चैत (रासस-एएनआई/सिन्ह्वा)।

कोलम्बियामा मेडेलिन शहर नजिकैको प्रमुख विमानस्थलमा व्यावसायिक विमानको आपतकालीन अवतरणपछि २१,००० भन्दाबढी यात्रु प्रभावित भएको र १३६ उडान रद्द गरिएको नागरिक उड्डयन निर्देशक जायर ओर्लान्डोले बताएका छन्।

लाटम एयरलाइन्स एयरबस ए ३२०-२०० को अगाडिको ल्यान्डिङ गियर मङ्गलबार दिउँसो टेकअफको केही समयपछि खस्दा विमानलाई रियोनेग्रो शहरको जोसे मारिया कोर्डोभा अन्तरराष्ट्रिय विमानस्थलमा आपतकालीन अवतरणको लागि फिर्ता गर्न बाध्य पारेको थियो। आकस्मिक अवतरणका क्रममा कुनै पनि चोटपटक र क्षति भने नभएको बताइएको छ।

फाजार्डोले जनाएअनुसार रियोनेग्रो जाने उडान १२ घण्टाभन्दा बढी समयका लागि रद्द गरिएको थियो जसले गर्दा अन्य एयरपोर्टमा विशेष गरी बोगोटाको एल डोराडो अन्तरराष्ट्रिय विमानस्थलमा ढिलाइ र रद्द गरिएको थियो।

'अहिले विमानस्थल सामान्य अवस्थामा सञ्चालनमा रहेको छ भने 'रद्द भएका १३६ उडान र यसबाट प्रभावित २१ हजार २४५ यात्रुको यात्रा सञ्चालनको कारममा छ। फजार्दोका अनुसार आपतकालीन कारण पत्ता लगाउन अनुसन्धान भइरहेको छ।

# गठबन्धन चुनावसम्म कायम हुन्छ : प्रचण्ड

काठमाडौं, १७ चैत (रासस) ।

नेकपा (माओवादी केन्द्र)का अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड' ले आगामी तीनै तहको निर्वाचनमा सत्ता साझेदार दलहरूबीच गठबन्धन कायम हुने प्रस्ट पार्नुभएको छ। रिपोर्टर्स क्लब नेपालको २४औं वार्षिकोत्सव समारोहमा उहाँले गठबन्धन आवश्यकताले जन्मिएको र त्यो निर्वाचनसम्म कायम रहने स्पष्ट पार्नुभएको हो ।

"गठबन्धन एउटा सन्दर्भमा जन्मिएको हो, संविधान, लोकतन्त्र र राष्ट्रियताको रक्षाका लागि गठबन्धन बनाएका हौं, कांग्रेसले पनि गठबन्धन कायम राखेर जाने भन्ने निर्णय गरिसकेको छ, अब कुनै द्विविधा छैन, निर्वाचन शान्तिपूर्ण हुन्छ, निष्पक्ष हुन्छ"– उहाँले भन्नुभयो ।

अध्यक्ष प्रचण्डले संविधान, गणतन्त्र, समावेशिताको रक्षामा माओवादी केन्द्र लाग्ने भन्दै मुलुकमा सङ्कटको समयमा आफ्नो पार्टीले जहिले पनि महत्वपूर्ण भूमिका खेलेको दाबी गर्नुभयो । उहाँले भन्नुभयो, "देशमा आउने सबै सङ्कटमा मोचनको भूमिका खेल्ने काम माओवादी केन्द्रले गरेको छ, तर सबैले माओवादीलाई त्यो भूमिका खेलेको रूपमा स्वीकार नगरेको स्थिति छ ।"

उहाँले प्रेस तथा पत्रकारिता क्षेत्र सङ्घीय लोकतान्त्रिक प्रक्रियाको एउटा महत्वपूर्ण क्षेत्र भएको बताउँदै भन्नुभयो "प्रेसको जसरी विकास भएको छ, जुन गतिमा विकास भएको छ, स्वतन्त्रताको जुन तहमा उपभोग गरिएको छ, यो उत्साहजनक छ ।" उहाँले देशको अर्थतन्त्रलाई दुर्घटनातिर जानबाट रोक्दै अर्थतन्त्रलाई सम्हालेर लैजानेतर्फ प्रयास जारी रहेको बताउनुभयो ।

अध्यक्ष प्रचण्डले श्रीलङ्का जस्तो स्थितिमा नेपाल नरहे पनि भोलिका दिन नेपालमा पनि अप्ठ्यारो स्थिति आउन सक्ने भन्दै त्यसको समाधानको लागि पहल सुरु भइरहेको बताउनुभयो ।

# लागुऔषधसहित एक यूवक पक्राउ



दैनिक समाचारदाता
राजविराज, १७ चैत ।

सप्तरीको सप्तकोशी नगरपालिकास्थित बस पार्कबाट प्रहरीले एक यूवकलाई लागुऔषधसहित पक्राउ गरेको छ ।

पक्राउ पर्नेमा सप्तकोशी नगरपालिका वडा नं. १ निवासी २० वर्षिय सुजन नेपाल छन् । प्रहरी चौकि फत्तेपुरबाट खटिएका गस्ति टोलिले बुधबार साँझ वडा नं. ९ स्थित बस पार्कमा शंकास्पद अवस्थामा हिडडुल गरिरहेका नेपाललाई शरिरको खानतलासी गर्दा लागुऔषध बरामद भएको प्रहरीले जनाएको छ ।

उनले लगाएको निलो रङगको जिन्स पाईन्टको अगाडी पट्टिको गोजिबाट लागुऔषध नाइट्रोजन ८४ वटा ट्याबलेट प्रहरीले बरामद गरेको इलाका प्रहरी कार्यालय कंचनपुरले जनाएको छ ।

बरामद गरिएको लागुऔषधसहित पक्राउ परेका नेपाललाई कानुनी प्रक्रिया पुरा गरि थप अनुसन्धान कार्य भईरहेको प्रहरीले जनाएको छ ।

# श्रोत नखुलेको सात लाख ९१ हजारसहित युवक पक्राउ

दैनिक समाचारदाता
महोत्तरी, १७ चैत ।

भारतबाट नेपाल प्रवेश गरेका एक युवकलाई बुधबार राति महोत्तरी प्रहरीले श्रोत नखुलेको सात लाख ९१ हजारसहित पक्राउ गरेको छ ।

पक्राउ पर्नेमा महोत्तरीको औरही नगरपालिका ५ बस्ने २० वर्षीय वीरेन्द्रकुमार दास छन् ।

भारत विहारको कन्हमा सहरबाट कपडामा बेरेर कम्मरमा बाँधी साइकलमा चढेर सम्सी गाउँपालिका ६ स्थित प्रहरीचौकी नजिक आउँदै गरेका दासको हाउभाउ माथि शंका लागि जाँच गर्दा उनको साथबाट प्रहरीले श्रोत नखुलेको सात लाख ९१ हजार बरामद गरेको जनाएको छ ।

दासको साथबाट प्रहरीले नेपाली एक हजारका नोट ५ सय ८५ थान र नेपाली नोट ५०० का ४ सय ९२ थान गरी उक्त रकम बरामद गरेको हो ।

रकमसहित पक्राउ परेका युवक दासलाई भन्सार कार्यालय जलेश्वरमा बुझाएको प्रहरी नायब उपरीक्षक प्रकाश विष्टले जानकारी दिए ।

# सत्ता साझेदार दलबीच चुनावी तालमेल गर्ने सहमति

काठमाडौं, १७ चैत (रासस) ।

सत्ता साझेदार दलहरूले आसन्न स्थानीय तहको निर्वाचनमा चुनावी तालमेल गर्ने सहमति गरेका छन् । सत्ता साझेदार दलका शीर्ष नेताहरूको बिहीबार बसेको बैठकले आगामी वैशाख ३० गते हुने स्थानीय तहको निर्वाचनमा दलहरू मिलेर जाने निर्णय भएको राष्ट्रिय जनमोर्चाका उपाध्यक्ष दुर्गा पौडेलले जानकारी दिनुभयो ।

बैठकमा चुनावी तालमेलका लागि स्थानीयस्तरमा सत्ता साझेदार दलहरू सम्मिलित संयन्त्र बनाउनेसमेत सहमति भएको छ । नेपाली कांग्रेसको यही चैत १५ गते सम्पन्न केन्द्रीय कार्यसमितिको बैठकले स्थानीय तहको निर्वाचनमा स्थानीय अवस्था र आवश्यकताअनुरुप सत्ता गठबन्धनमा रहेका अन्य दलसँग चुनावी तालमेल गर्न सक्ने नीतिगत निर्णय गरेको थियो । शीर्ष नेताबीच सत्ता साझेदार दलको अर्को बैठक यही चैत २१ गते बस्ने सहमति भएको छ ।

बैठकमा गठबन्धनका नेताहरूले प्रधानमन्त्री एवं कांग्रेसका सभापति शेरबहादुर देउवालाई आसन्न भारत भ्रमणको शुभकामना दिँदै द्विपक्षीय मुद्दाको सम्बोधनका लागि कूटनीतिक पहल गर्न समेत आग्रह गर्नुभएको थियो । प्रधानमन्त्री देउवाले आफ्ना भारतीय समकक्षी नरेन्द्र मोदीको सौहार्दपूर्ण निमन्त्रणामा यही चैत १८ देखि २० गतेसम्म भारतको औपचारिक भ्रमण गर्दै हुनुहुन्छ ।

प्रधानमन्त्री निवास बालुवाटारमा बसेको बैठकमा प्रधानमन्त्री देउवा, नेकपा (माओवादी केन्द्र), नेकपा (एकीकृत समाजवादी), जनता समाजवादी पार्टी नेपाल र जनमोर्चाका शीर्ष नेताहरू सहभागी हुनुहुन्थ्यो ।

### *म्यादी प्रहरीमा जागिर ...*

बिहीबार गाउँबाट पक्राउ परेका मण्डललाई थुनामा राखी ठगि मुद्दामा कारवाही चलाउने जिल्ला प्रहरी कार्यालय सप्तरीले जनाएको छ ।

### *जसपाको समानान्तर ...*

मण्डलका सदस्य तथा एक पल्ट संयोजकको जिम्मेवारी समेत पाएका यादवले समायोजनाका क्रममा आफ्नो समूहलाई वेवास्ता गरेको भन्दै जसपाको नयाँ जिल्ला कमिटि बिरुद्ध गत फागुन २६ गते समानान्तर कमिटि गठन गरेका थिए ।

बिहीबार तमलोपाद्वारा राजविराजमा आयोजित पार्टी प्रवेश तथा संगठन विस्तार कार्यक्रममा उनको नेतृत्वको कमिटिसँगै अन्य विभिन्न पार्टी परित्याग गरि १ सय ११ जना प्रवेश गरेको तमलोपाका केन्द्रिय सदस्य रामपृत यादवले जानकारी दिए ।

नवप्रवेशीहरुलाई प्रमुख अतिथि पार्टीका राष्ट्रिय अध्यक्ष वृषेशचन्द्र लाल, वरिष्ठ नेता डा. बिजयकुमार सिंह, केन्द्रिय सदस्य मदनप्रसाद सिंह, असगर अली, ब्रजकुमार सिंह लगायतले अबिर र माला लगाएर स्वागत गरे ।

कार्यक्रममा अध्यक्ष लालले मधेश केन्द्रित दल तथा तीनका नेतृत्वमाथी जनताको एजेन्डालाई थाम्न नसकेको आरोप लगाउँदै जनताले दिएको अभिमतलाई सत्ता सहभागिताको सिढी बनाउन मात्र उपयोग गरेको बताए ।






## भूमि सुधार तथा मालपोत कार्यालय, राजविराज
### सप्तरी

मिति :- २०७८/१२/१३

### ३५ दिने हकदाबी सम्बन्धी सार्वजनिक सूचना

**कुशमलाल यादव** दर्ता रहेको साविक **छिन्नमस्ता** मौजा रै.नं. **छिन्नमस्ता** हाल तपसिल बमोजिम नापी भएको जग्गा **नाम संशोधन** गरी प्रमाण-पूर्जा पाउँ भन्ने गा.वि.स./न.पा. **छिन्नमस्ता** वार्ड नं. ३ बस्ने **झमला देवी यादव** को द.न. **१७८४३** मिति **२०७८/११/१२** मा निवेदन परी **३५ दिने** सार्वजनिक सूचना प्रकाशित गर्ने मिति **२०७८/१२/१३** मा आदेश भए अनुरुप यो **३५** दिने सूचना प्रकाशित गरिएको छ । तपसिलमा उल्लेखित जग्गामा निवेदक बाहेक अरु कसैको हक लाग्ने भए वा निवेदकको नाममा जग्गा दर्ता/नामसारी/नाम थर वतन संशोधन गर्दा कसैको हक जाने छ भने सूचना प्रकाशित भएको मितिले **३५** दिन भित्रमा सप्रमाण यस कार्यालयमा आई उजुरी गर्नुहोला । म्याद भित्र कसैको दावीउजुरी पर्न नआएमा निवेदकको माँग दाबी बमोजिम **नाम संशोधन** गर्ने तर्फ कानून बमोजिम कार्यवाही भै जानेछ । यस सम्बन्धमा पछि कुनै पनि उजुर दाबी नलाग्ने व्यहोरा सम्बन्धित सबैलाई जानकारी गराईन्छ ।

**तपसिल**

| गा.वि.स./न.पा. | वार्ड नं. | कि.नं. | क्षेत्रफल | साविक दर्तावाला | कैफियत |
|---|---|---|---|---|---|
| **छिन्नमस्ता** | ४ ख | २९७ | ०-३-५ | झमला देवी यादव | |


ट्राफिक नियमको पालना गरौं।

- बाटो काट्दा जेब्रा क्रसिंगको प्रयोग गरौं ।
- सडक बत्ति हेरेर मात्र बाटो काटौं ।
- सडक तथा सडक किनारामा सवारी साधन जथाभावी पार्किङ्ग नगरौं ।
- तोकिएको स्थानमा मात्र सवारी साधन पार्किङ्ग गरौं ।
- पैदलयात्रीले फुटपाथ तथा आकासे पुलको प्रयोग गरौं ।

सडक दुर्घटनाबाट आफू पनि बचौं, अरुलाई पनि बचाऔं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

देश विदेशबाट पठाइएको रकम तुरुन्त भुक्तानी लिनका लागि सम्झनुहोस् । हाम्रो सेवाहरु

नेपाल सहकारी संस्था लि.
राजविराज ४, फोन नं. ०३१-५३१०९६

ipay remit
CITY EXPRESS MONEY TRANSFER
Best Remit Quick & Easy
PRABHU Money Transfer
रकम पठाउन तथा पाउनका लागि भरपर्दो माध्यम
IME International Money Express
himal remit हिमालरेमिट
CG Money


**प्रकाशक** : नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक** : अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक** : दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट** : संजय शेखर, **मुद्रण** : न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५२०७६८ (कार्यालय), **इमेल** : *rajbirajdainik@gmail.com*, **वेबसाइट** : *rajbirajdainik.com.np*